राष्ट्रिय जोखिम मूल्याङ्कन, २०२६ को निष्कर्षको सम्बन्धमा एक दिने अन्तरक्रिया कार्यक्रम सम्पन्न

वित्तीय जानकारी इकाईले नेपाल राष्ट्र बैंकका गभर्नर प्रा.डा. विश्वनाथ पौडेलको समुपस्थितिमा २०८३ असोज २३, शुक्रबार सम्बद्ध निकाय तथा सरोकारवालाहरु बीच National Risk Assessment (NRA) बाट आएको निष्कर्ष छलफल तथा पृष्ठपोषण आदानप्रदान गर्ने सम्बन्धमा एक दिने अन्तरक्रिया कार्यक्रम सफलतापूर्वक सम्पन्न गरेको छ ।

काठमाडौंमा सञ्चालित उक्त कार्यक्रममा नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव श्री पुष्कार सापकोटा, महान्यायाधिवक्ताको कार्यालयका नायव महान्यायाधिवक्ता श्री लोकराज पराजुली, नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नरद्वय श्री किरण पण्डित तथा श्री दीर्घ बहादुर रावल, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागका महानिर्देशक श्री निर्मल ढकाल तथा नेपाल राष्ट्र बैंक, सम्पत्ति शुद्धीकरण निवारण सुपरिवेक्षण महाशाखाका निर्देशक श्री राजनदेव भट्टराईको समेत उपस्थिति रहेको थियो ।

नियमनकारी निकाय, अनुसन्धानकारी/अभियोजनकारी निकाय, तथा सूचक संस्थाहरुका प्रतिनिधिहरु एवम् वित्तीय जानकारी इकाईका कर्मचारीहरुको सहभागितामा सञ्चालित उक्त कार्यक्रममा १२५ भन्दा बढीको सहभागिता रहेको थियो ।

उक्त कार्यक्रममा आफ्नो मन्तव्य राख्दै गभर्नर पौडेलले सम्बद्ध निकाय तथा सरोकारवालाहरुको सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी जोखिमको बुझाईको स्तरमा अभिवृद्धि गर्न र जोखिममा आधारित पद्धति अवलम्बन गरी जोखिम न्यूनीकरण र नियन्त्रण गर्ने उपायद्वारा उचित सम्बोधन

गरी प्रणालीलाई सबल र सक्षम बनाउन National Risk Assessment (NRA), 2026 ले महत्वपूर्ण भूमिका खेल्नेमा विश्वस्त रहेको बताउनुभयो ।

कार्यक्रममा स्वागत मन्तव्य राख्दै इकाईका प्रमुख/निर्देशक श्री वासुदेव भट्टराईले कार्यक्रमको औचित्यमाथि प्रकाश पार्नुभयो र अन्तरनिकाय समन्वय, सहकार्य एवम् पृष्ठपोषण सम्बन्धी पहिलो कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । कार्यक्रममा राष्ट्रिय जोखिम मूल्याङ्कन, २०२६ को निष्कर्षसम्बन्धमा नेपाल राष्ट्र बैंकका निर्देशक, हाल नेपाल सरकार, अर्थ मन्त्रालयमा कार्यरत डा. हरि कुमार नेपालले दोस्रो कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । उहाँले प्रस्तुतिमार्फत् राष्ट्रिय जोखिम मूल्याङ्कन, २०२६ ले औंल्याएका जोखिमहरु, प्रणालीगत कमजोरीहरु तथा आगामी दिनमा राज्यको सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी जोखिम (ML/TF Risk) न्यूनीकरण गर्न सम्पूर्ण सम्बन्धित निकायहरुले चाल्नुपर्ने कदमहरुबारे बताउनु भयो ।

सहभागीहरुको प्रश्न तथा जिज्ञसालाई सम्बोधन गर्न प्रश्नोत्तर सत्र समेत सञ्चालन गरिएको थियो । महानिर्देशक ढकाल, महाशाखाका निर्देशक भट्टराई, निर्देशक डा.नेपाल, इकाईका प्रमुख/निर्देशक भट्टराई र नेपाल इन्भेष्टमेण्ट मेगा बैंकका कार्यान्वयन अधिकृत श्री सगुन पठकद्वारा सहभागीहरूका जिज्ञासाको प्रत्यक्ष सम्बोधन गरिएको थियो । इकाई प्रमुख/निर्देशक भट्टराईले उक्त सत्रको सहजीकरण समेत गर्नु भएको थियो ।

उक्त कार्यक्रममा नायव महान्यायाधिवक्ता पराजुली तथा डेपुटी गभर्नर रावलले समेत आफ्नो मन्तव्य राख्नुभएको थियो । सचिव सापकोटाद्वारा समापन मन्तव्य राख्दै राष्ट्रिय जोखिम मूल्याङ्कन प्रतिवेदन, २०२६ तयार पार्ने कार्यमा विभिन्न निकायबाट खटिएका कर्मचारीहरुको Dedicated team लाई तथा अन्तरक्रिया कार्यक्रम आयोजना गरेकोमा वित्तीय जानकारी इकाईलाई धन्यवाद ज्ञापन गर्नुभएको थियो । कार्यक्रम सञ्चालन इकाईका सहायक निर्देशक श्री कृष्ण कार्कीले गर्नु भएको थियो ।

उक्त एक दिने अन्तरक्रिया कार्यक्रमले AML/CFT Regime सँग सम्बन्धित विभिन्न सम्बद्ध निकायहरु तथा सरोकारवालाहरुमा राष्ट्रिय जोखिम मूल्याङ्कन, २०२६ का निष्कर्षहरु प्रवाह गर्न तथा सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी जोखिम (ML/TF Risk) को बुझाईमा अभिवृद्धि गर्न मद्दत गरेको विश्वास गरिएको छ ।